अध्याय २

# सहकारीको व्यवस्थापन संरचना
# (Management Structure of Co-operatives)

*(Management Structure: Roles & Responsibilities of General Body, Roles of Board of Directions, Role of President, CEO, Secretary)*

## व्यवस्थापन संरचना (Management structure)

व्यवस्थापन संरचना भन्नाले सहकारी संगठनका विभिन्न निकायहरुको गठन एवं ति निकायहरुको काम कर्तव्य तथा अधिकारलाई बुझिन्छ ।

## साधारण सभाको भूमिका तथा जिम्मेवारीहरू (Roles and Responsibilities of General Body)

### सभाको काम कर्तव्यहरू :

सहकारी संगठनमा यसको संचालक समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र संगठनको मुख्य स्थानमा साधारण सभाको आवह्रन गर्दछ । साधारण सभा (general body) भन्नाले सहकारी संगठनका सदस्यहरु तथा राष्ट्रिय सहकारी (National Co-operative) र संघीय सहकारी (Federal Co-operative) को सन्दर्भमा यसका प्रतिनिधिहरु तथा ऐनको प्रावधान अनुसार निर्माण निकाय सहितलाई जनाउँदछ । साधारण सभाको Roles and Responsibilities हरु यसप्रकार छन् ।

1. लेखा परीक्षण भएका आर्थिक विवरणहरु (Audited statement of account) हरु माथि छलफल
2. लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको छलफल
3. नाफा तथा लाभांश विवरवण
4. लेखापरीक्षक नियुक्तिको स्वीकृती तथा निजको पारिश्रमिक निर्धारण
5. संचालन घाटा भएको अवस्थामा सोको पूर्नविचार
6. विशेष संचितकोष तथा अन्य कोषहरुको सृजना
7. विशेष कोष तथा अन्य कोषहरुको प्रयोग माथी पुर्नविचार

8. वार्षिक बजेटको स्वीकृति
9. संस्थाको वार्षिक कार्ययोजना (annual operational plan ) तथा (long -term perspective plan) प्रस्तावित दिर्घकालिन योजनाको स्वीकृति ।
10. संचालक समितिको आचार संहिता (Code of conduct ) को निर्माण ।
11. संगठनको विनियममा संसोधन ।
12. संचालन समितिको विघटन एवं नया संचालक समितिको चयन ।
13. संचालक समितिका सदस्यहरु एवं उनीहरुको नातेदारको नाममा रहेको विगतका ऋण एवं उधारोको लेखाजोखा ।
14. संचालक समितिले प्रस्तुत गरेका अन्य विषय माथि छलफल ।

## संचालक समितिको भूमिका, काम, कर्तव्यहरू / Roles of Board of Director / Power and functions of BOD

सहकारी संगठनको साधारण सभाद्धारा यसको संचालक समितिको चयन गरिन्छ। जसको भूमिका यस प्रकार छन्–

१. सहकारी संगठनमा आवद्ध हुन चाहने व्यक्तिलाई सदस्यता प्रदान गर्ने ।
२. संगठनको उदेश्यहरुको विवेचना गर्दै ति उदेश्यहरु हासिल गर्नकोलागि आवश्यक पर्ने विशेष क्रियाकलापहरु तयार गर्ने ।
३. संगठनको साधारण सभाको बारेमा जानकारी प्रदान गर्ने ।
४. संगठनका उदेश्यहरु प्राप्त भए नभएको सम्बन्धमा आवधिक रुपमा मूल्यांकन गर्ने ।
५. संगठनको प्रमुख कार्यकारी (Chief executive) लगायत अन्य कर्मचारीहरुको नियुक्ति तथा बर्खास्त गर्ने ।
६. संगठनका कर्मचारीहरुको नियूक्ति, तलबमान निर्धारण, सेवा तथा सुविधा सर्तमा लगायत अनुशासनात्मक व्यवस्थाको नियम बनाउने ।
७. संगठनका बार्षिक प्रतिवेदनहरु वित्तिय वितरणहरु बार्षिक योजना लगाएत बजेट तर्जुमा गरी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।
८. संगठनमा भएका आर्थिक गतिविधिको लेखा परीक्षण सम्पन्न गराई सो प्रतिवेदन साधारण सभामा पेश गर्ने ।
९. संगठनको स्थिर सम्पत्तिको खरिद विक्री गर्ने ।
१०. मुनाफा वितरणको लागि साधारण सभा समक्ष सिफारिस गर्ने ।

११. संगठनको स्रोत वढाउन पहल गर्ने (ऋण प्राप्त गर्ने)।
१२. संगठनका सदस्यहरुलाई प्रंदान गरिने ऋण तथा अन्य कारोवारको सिमा निश्चित गर्ने ।
१३. निर्वाचनद्धारा संचालक समितिको रिक्त स्थान पुरा गर्ने ।
१४. संगठनका विभिन्न समिति एवं उपसमितिहरुको नियुक्ति गर्ने ।
१५. सहकारी ऐनको अधिनमा रहि साधारण सभा एवं संचालक समितिको चुनाव तथा बैठक सम्बन्धमा नियम बनाउने ।
१६. सहकारी ऐन एवं साधारण सभाद्धारा निर्देशित अन्य कार्यहरु गर्ने ।

## अध्यक्षको भूमिका
## Roles of President or chairman

संचालक सभाले यसका सदस्यहरु मध्येबाट एक जनालाई अध्यक्षको नियुक्ति गर्दछ । बैठको अध्यक्षता सभापतिले गर्दछ र निजको अनुस्थितिमा Vice- President ले अध्यक्षता गर्दछ ।

**Power and Function of President**

१. संचालक समिति वा कार्यकारी समितिको बैठको अध्यक्षता गर्ने ।
२. बैठकमा प्रस्तुत गरिने एजेन्डा/विषयहरुमा अध्यक्षले दस्तखत गर्नेछ ।
३. कुनै एजेन्डामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।
४. समिति वा कार्य समितिको बैठकलाई अध्यक्षका हैसियतले औपचारिक रुप दिने
५. अध्यक्षले आफ्नो कार्य वा शक्ति मध्य कुनै उपाध्यक्ष (vice-chairman) लाई प्रयायोजन गर्न सक्नेछ ।

## प्रमुख कार्यकारी अधिकृतको भुमिका तथा कार्यहरू
## Role/Power and functions of chief of CEO

संचालक समितिको कार्यमा सहयोग पुऱ्याउनका लागि सो समितिद्धारा प्रमुख कार्यकारीको नियुक्त गरिन्छ। प्रमुख कार्यकारी सबै समितिहरु,उप-समितिहरु र संचालक समितिको सदस्य रहने प्रावधान रहन्छ। सहकारी संगठनको समग्र व्यवस्थापन नियन्त्रण तथा सुपरिवेक्षण गर्नका लागी प्रमुख कार्यकारीको निम्न लिखित काम,कर्तव्य र अधिकार रहन्छन् ।

१. संचालक समितिलाई संगठनको उदेश्यहरु नितिहरु एवं योजना तर्जुमा गर्न सहयोग गर्ने ।

२. साधारण सभाद्धारा स्वीकृत निति एवं योजनाहरु कार्यान्वयन गर्ने साथै उक्त योजना एवं नीतिहरुको कार्यान्यनमा भएको प्रगति विवरणहरु प्रकाशित गर्ने ।

३. President/Chairman को निर्देशन अनुसार संचालक समिति एवं अन्य समितिहरुको बैठक आयोजना गर्ने ।

४. संगठनको उचित अभिलेखको व्यवस्था गर्ने ।

५. संगठनको काषको व्यवस्थापन वा परिचालन गर्ने र त्यसको उचित सेस्ता राखी लेखा परिक्षण समेत गराउने ।

६. संगठनको तर्फबाट सम्पूर्ण पत्राचार गर्ने ।

७. कोषको संकलन तथा सुरक्षा सम्बन्धमा जिम्मेवार हुने ।

८. नियमानुसार वैंकमा दाखिला भएको Deposit receipts (जम्मा रसिद) मा हस्ताक्षर गर्ने ।

## सचिवको भूमिका र कार्यहरू
## Roles and duties of Secretary

सामान्यतया सचिव बरिष्ट कर्मचारीको रुपमा रहेको हुन्छ । संचालक समिति सदस्यहरुलाई आवश्यक सूचना सम्प्रेषण गर्ने तथा अध्यक्ष, प्रमुख कार्यकारी तथा अन्य सदस्यहरुलाई आवश्यक सल्लाह प्रदान गर्ने कार्य गर्दछ । सचिवको भूमिका तथा कार्यहरु निम्नानुसार छन्

१. समितिको बैठकमा नियमित उपस्थित हुने र प्राप्त भएका निर्देशनहरु पालन गर्ने ।

२. संचालक समितिद्धारा तोकिए बमोजिम समय सम्म संस्थाको कार्यालयमा उपस्थित रहने

३. निश्चित उदेश्यका लागि खडा गरिएका रेकर्ड किताबहरुमा सम्बन्धित कारोबारहरु रेकर्ड गर्ने, संगठनको वार्षिक प्रतिवेदन तयार गर्ने,संगठनमा कारोबारहरुको प्राप्ति तथा भुक्तानीको भौचर खडा गर्ने ।

४. ऋण माग्नका लागी प्रस्तुत भएका निवेदनहरु संकलन गरी समिति समक्ष पेश गर्ने, ऋण भूक्तानी अगावै निश्चित ढाचामा ऋणी संग भरपाई (सम्झौता कागजात) बनाउने ।

५. संस्थामा प्राप्त गर्नुपर्ने विलहरुको भुक्तानी लिने र सम्बन्धित कागजात अभिलेख प्राप्ती पुस्तिका (Receipt book) मा राख्ने ।

. सम्बन्धित कारोबारद्धारा प्राप्त भएको रकमलाई सम्वन्धित रजिष्टर पुस्तिकामा जम्मा गर्ने सो सम्बन्धि अद्याबधिक राख्ने र समितिले माग गरेको समय उपलब्ध गराउने ।

. संस्थाको तर्फबाट भुक्तानी गर्नुपर्ने विलहरुलाई समितिको निर्देशन अनुसार भुक्तानी गर्ने । यस क्रममा भुक्तानी प्राप्त कर्ताको दस्तखत समेत गराउने ।

## QUESTIONS

) How co-operatives are structured and organized? Explain in brief.

) Explain the roles of:

a) General assembly b) Board of director c) President d) CEO

) The roles of different bodies in co-operatives are interlinked. Discuss.

◆◆◆